# मिति २०८१/११/०४ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गर्न पठाइएको मुद्दाको विवरण

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | रवि सिंह, दिपक कुमार खड्का, विजय चापागाई, दुर्णप्रदास फुयाल र गजेन्द्रप्रसाद राउत (विशेष अदालतको मुद्दा नं. ०७८-CR-०००१ र फैसला मिति २०८०/११/१६) | गलत प्रतिवेदन समेतका आधारमा रकम हिनामिना गरी भ्रष्टाचार गरेको | **महादेव खिम्ती निर्माण सेवा प्रा.लि.का प्रवन्ध निर्देशक प्रतिवादी रवि सिंहलाई** विगो रु.६८,९३,७७८।५ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी उक्त विगोसमेत जफत हुन मागदावी लिइएको अवस्था छ।<br>**पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना धुलिखेल, काभ्रेपलाञ्चोकका तत्कालीन सव-ईन्जिनियर प्रतिवादी गजेन्द्र प्रसाद राउत**लाई विगो रु.६८,९३,७७८।५ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा | **फैसलाः**<br>प्रतिवादीहरुले आरोपीत कसूरवाट सफाई पाउने ठहर गरी फैसला भएको।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>**क.** पुष्पलाल (मध्यपहाडी) लोकमार्ग जिल्ला अन्तर्गत चेनेज निर्माण गर्न विधिपूर्वक भेरिएसन आदेश स्वीकृत भएको हो सोही स्वीकृत भेरिएसन आदेश बमोजिम नै कार्य सम्पन्न भएको हो भनी प्रतिवादीहरु कसूरमा इन्कार रही वयान गरेको।<br>**ख.** केही स्थानमा पहिरो गएको र हिलोले पुरिएको कारण जापजाँच नभएको भन्ने आयोगबाट | **उल्लिखित आधारहरुलिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला देहायका आधार, कारणहरुबाट सो हदसम्म बदरबागी रहेको छ**<br>**क.** खोटाङ जिल्ला स्थित चेनेज ४२+००० देखि ८८+५०० खण्डको सडक निर्माण कार्य सम्झौता बमोजिम नभएको भन्ने उजुरीमा प्रतिवादीहरुले ठेक्का नं. MHH/ES/BH/१-०९/२०६८-६९ मा एउटै प्रकृतिका आईटमहरु राखी एउटै चेनेजमा दुईवटा ठेक्का लगाई, निर्माणस्थलमा भएको कामको वास्तविक अवस्था उल्लेख नगरी Variation हुनपर्ने भन्दा फरक व्यहोराको Variation पेश गरी, सार्वजनिक खरिद नियमावली अनुसार भेरिएसन नगराई, Estimate विपरीत फिल्डमा काम गरी/गराई, फिल्डमा भएको कामको परिमाण भन्दा बढीको नापी किताब तयार पारी एउटै चेनेजमा दुईवटा ठेक्काबाट एउटै प्रकृतिको काम Overlap भई एउटा ठेक्काबाट DPR अनुसारको Estimate तयार भई भएको काम Earthwork को भुक्तानी भइसके पछि फेरि सोही चेनेजमा सोही प्रकृतिको आइटमको अर्को ठेक्कामा समेत विल तयार पारी भुक्तानी लिने/दिने कार्य गरी प्रतिवादीहरुले रु.६८,९३,७७८।५ रकम हिनामिना तथा हानि नोक्सानी गरी भ्रष्टाचार गरेको भन्ने तथ्य रहेको प्रस्तुत मुद्दामा प्रतिवादीहरुले विधिपूर्वक भेरिएसन आदेश स्वीकृत भएको हो सोही स्वीकृत भेरिएसन आदेश बमोजिम नै कार्य सम्पन्न भएको हो भनी कसूरमा इन्कार रही वयान गरेतापनि चेनेज ४०+७०० देखि ५०+५२० सम्म Earthwork Excavation कार्यको लागि पहिलो र दोस्रो रनिङ विल तयार भइसकेपछि योजना कार्यालय धुलिखेलका ईन्जिनियर दिपक कुमार खडकाले Revised Estimate सहित मिति २०७६।०२।१९ मा "काम ढिलो हुँदै जाँदा सडक खण्डहरुमा थप अरु ठेक्काद्वारा काम भई राखेकोले कार्य गर्ने चेनेज घट्न गई ग्राभेलको परिमाण निगेटिभ हुने भएको र बाँकी रहेको चेनेजमा सडक चौडाई पुर्याएर ग्राभेल गर्नुपर्ने भएकोले कटिङ्गको परिमाण बढ्न गई आईटमहरु थपघट हुने भएकोले भेरिएसन तयार गर्दा कुल ईटिमेट अंक रु.४,९८,२३,९६३।२० जम्मा -१४.६९ प्रतिशत घटी भै संशोधित इस्टिमेट रु.४,२,५०३,४२९।५६ हुन गएको र ठेक्कामा सम्झौता रकम रु.२,३०,६६,६९०।०० जम्मा -१४.८० प्रतिशतले घटी हुन गई संशोधित ठेक्का सम्झौता रकम रु.१,९६,५२,९९२।७७ (मु.अ. करसहित) हुन आएकोले Variation Order No.१ स्वीकृतिको लागि पेश गरेको टिप्पणी महानिर्देशक श्री केशव कुमार शर्माद्वारा मिति २०७६/०३/३१ मा स्वीकृत भएको देखिन्छ। उक्त योजनाको अन्तिम विलको नापीको मिति २०७६/०२/२८ गतेको भएको साथै |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (१) को खण्ड (ग) र दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन र उक्त विगो सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम असुलउपर हुन मागदावी लिइएको अवस्था छ।<br>**पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना धुलिखेल, काभ्रेपलाञ्चोकका तत्कालीन ईन्जिनियर प्रतिवादी दिपक कुमार खड्कालाई** विगो रु.६८,९३,७७८।५ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को खण्ड (ग) र दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) र दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन र | भएको मुचुल्का एवं प्रतिवेदनबाट देखिएको।<br>**ग.** Earthwork excavation कार्यमा दोहोरो भुक्तानी भएको भन्ने पनि ठोस र बस्तुनिष्ठ प्रमाणबाट नदेखिएको | Revised Estimate र अन्तिम विलको नापीको Quantity उस्ता-उस्तै भएको देखिएकोले Variation order Approve भएपछिमात्र काम गर्नुपर्ने, estimate गर्दा छुटेको गर्नु पर्ने काम मात्र Variation order बाट गर्न सकिनेमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ विपरित Variation Order स्वीकृत हुनुभन्दा पहिला नै उक्त ठेक्कामा काम गराई नापी किताब तयार भएको देखिएको हुँदा प्रतिवादीहरुको इन्कारी वयान खण्डित भएको अवस्थामा प्रतिवादीहरुलाई अभियोग मागदावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिई भएको फैसला त्रुटीपूर्ण छ।<br>**ख.** आयोगबाट खटिएका प्राविधिक कर्मचारी इन्जिनियर रोशन कुमार दासले मिति २०७६।१२।०४ गते पेश गरेको स्थलगत प्रतिवेदनवाट योजनाको चेनेज ४०+७०० देखि ४७+८५५ भित्रको ७,१५५ मिटरमा ग्राभेलको काम महादेव खिम्ती निर्माण सेवाले गरेको हो भनी नापी किताब तयार पारेको देखिन्छ ।महादेव खिम्ती निर्माणसेवा प्रा.लि.ले चेनेज ४०+७०० देखिनै काम गरेको भन्ने बुझिएको, भोजपुरबाट खोटांगतर्फ आउँदा मध्यपहाडी लोकमार्ग अन्तर्गत सुरु चेनेज ४०+७०० देखि ४२+०० सम्म करिब १३०० मिटर सडक खण्डमा हालको अर्को ठेक्कावाट काम भईसकेकोले महादेव खिम्ती निर्माण सेवाले गरेको ग्राभेलको काम Overlap भएकोले १,३०० मिटर सडक नापजाँच गर्न नसकिएको, हाल उक्त सडकको ग्राभेलको नापजाँच गर्दा नापी किताब बमोजिम नपाईएको र ५३२० मिटर लम्बाई ग्राभेल कार्यको नाप पेश गरेको भन्ने ब्यहोरा प्रतिवेदनबाट देखिन्छ भने "Sub base को लागि प्रयोगमा ल्याएको Material River bed material/Crusher run material नभै Quarry side को Material प्रयोग भएको। कतिपय ठाउँमा बर्षातको पानीले Sub Base बगाएको देखियो।ठाउँ ठाउँमा पहिरो गएको ठाँउ र अर्को निर्माण व्यवसायीले गरेको नाली निर्माणको टेवा पर्खाल लगायत Structure निर्माण गर्दा थुपारिएको ठाउँमा नापजाँच गर्न सकिएन" भन्ने मिति २०७६।११।२० गतेको मुचुल्काबाट देखिएकोमा केवल पहिरो गएको र हिलोले पुरिएको कारण जापजाँच नभएको भन्ने प्रतिवेदनमा उल्लेख भएको भन्ने आधार ग्रहण गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदर भागी छ।<br>**ग.** उक्त योजनामा कतिपय Chanage मा भरत/मैनाचुली/शिद्धिशाही Construction company ले नालीको काम गर्दा महादेव खिम्ति Construction Company गरेको निमार्ण कार्य (सव बेस ओछ्याने कार्य) छोपिएको देखियो भन्ने समेत ब्यहोरा स्थलगत मुचुल्काबाट देखिन्छ।उक्त मुचुल्कामा आयोजनाका प्रतिनिधि विश्व विजयलाल श्रेष्ठ र प्रदीप राईले समेत प्रमाणित गरेका छन्।त्यसैगरी ठेक्का कार्य नसकिदै १३०० मिटर सडक खण्डमा अर्को ठेक्काबाट काम |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उक्त बिगो सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम असुलउपर हुन मागदावी लिइएको अवस्था छ।<br>**पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना धुलिखेल, काभ्रेपलाञ्चोकका तत्कालीन योजना प्रमुख प्रतिवादी बिजय चापागाईलाई** बिगो रु.६८,९३,७७८।५ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी सोही दफा ८ को उपदफा (१) बमोजिम उक्त बिगोसमेत असुलउपर हुन मागदावी लिइएको अवस्था छ।<br>**पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना धुलिखेल, काभ्रेपलाञ्चोकका तत्कालीन लेखा अधिकृत प्रतिवादी दुर्ण प्रदास** | | गराएको भन्ने जानकारी हुँदा १३०० मिटर सडक खण्डमा पहिलो ठेक्काको कार्य नसकिदै अर्को ठेक्काबाट कार्य गराई दोहोरो भुक्तानी समेत भएको हुनसक्ने देखिन्छ भन्ने समेत व्यहोराको प्रतिवेदक ईन्जिनियर रोशन कुमार दास, सुलोचन गौतम र जिवन्त पौडेलले प्रतिवेदन पेश गरेको देखिन्छ। उक्त प्रतिवेदनलाई निज प्रतिवेदकहरुले अदालतको बकपत्र समेतबाट पुष्टि गरेको हुँदा प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम उक्त बकपत्र प्रमाणमा ग्रहण गर्नु पर्नेमा सो बकपत्रको कुनै मूल्यांकन नगरी भएको प्रस्तुत फैसला बदरभागी छ।<br><br>**घ.** उक्त ठेक्कामा भएको काम ग्राभेल कार्यको जम्मा लम्बाई ६६२० मिटरमा र चौडाई तथा मोटाई सुरुको Estimate अनुसार क्रमश ५.५मि. र १५ से.मि.को मानी ग्राभेलको कामको मूल्याङ्कन रकम रु.४६,४२,२७५।- बराबरको काम भएको देखिएकोमा सो कार्यको लागि रु.९३,८६,२३५।५ भुक्तानी भएकोमा ग्राभेल कार्यको लागि रु.४७,४३,९६०।५ रकम बढि मूल्यांकन गरी भुक्तानी भएको देखिन्छ । साथै उक्त ठेक्काको ईष्टिमेट अनुसार Earthwork Excavation कार्य भुक्तानी भइसकेपछि योजनाको Detail Project Report स्वीकृत भइसकेपछि तयार भएको ईष्टिमेट अनुसार पछिल्लो ठेक्का लगाई पछिल्लो ठेक्काबाट समेत Earthwork Excavation को लागि रु.४८,८२,८९२।- भुक्तानी भइसकेपछि पनि फेरि सोही चेनेजभित्र पहिलाको ठेकेदारलाई Earthwork Excavation को लागि रु.२१,४९,८१८।- को भुक्तानी दिएको देखिन्छ। चेनेजमा एउटै प्रकृतिका आइटमहरुको Detail Project Report स्वीकृत भइ सकेपछि तयार भएको ईष्टिमेट अनुसार एउटा ठेक्काबाट भुक्तानी समेत भईसकेपछि सोही आइटमको लागि सोही चेनेजमा नापजाँच गरी अर्को ठेक्कावाट फेरि भुक्तानी दिएको प्रष्टरुपमा देखिएको विषयलाई अनदेखा गरी Earthwork excavation कार्यमा दोहोरो भुक्तानी भएको भन्ने पनि ठोस र बस्तुनिष्ठ प्रमाणबाट नदेखिएको भन्ने आधार लिई प्रतिवादीहरुलाई सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ।<br><br>**ङ.** उक्त योजनामा स्थलगत प्राविधिक प्रतिवेदन एवं मुचुल्का गरी प्रतिवेदन तयार गर्ने साक्षीहरु रोशन कुमार दास, सुलोचन गौतम र जीवन्त पौडेलले मिति २०७६।१२।०४ आयोग समक्ष पेश गरेको प्राविधिक फिल्ड परिक्षण प्रतिवेदन र मिति २०७६।११।२० गते तयार भएको स्थलगत फिल्ड परिक्षण मुचुल्कालाई अदालत समक्ष सनाखत गरेको देखिन्छ। "अभियोगपत्रमा लिइएको दावी अनुसार उक्त योजनामा दोहोरो भुक्तानी प्रचलित कानून बमोजिम Variation order पेश नगरी र स्वीकृत Variation order अनुसार Field मा काम नभएकोले अभियोग दावी लिइएको हो। उक्त योजनामा काम नभएको अनुसारको बिगो |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **फुयाल**लाई विगो रु.२१,४९,८१८।- (एकाइस लाख उनन्चास हजार आठ सय अठार रुपैया) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही ऐनको सोही दफाको प्रावधानवमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र सोहि दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम सजाय गरी उक्त विगो सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन | | Calculation गर्दा फिल्डमा भएको नापजाँचको लम्वाई र कानून बमोजिम VO स्वीकृत नभएकोले स्टिमेटको चौडाई र मोटाई लिई विगो निकालेको हुँदा प्रतिवेदनमा उपरोक्त फरकको कारणले अभियोग दावीमा फरक पर्ने देखिदैन" भन्ने उल्लेख भएको देखिन्छ भने बुझिएका अर्का साक्षीहरु प्रदिप राई र विश्व विजयलाल श्रेष्ठले समेत "आयोगका कर्मचारी रोशन कुमार दास समेत र कार्यालयको तर्फबाट मिति २०७६।११।२० मा तयार भएको मुचुल्का म समेतले तयार गरेको हो भनी अदालत समक्ष सनाखत गरेको देखिन्छ। सो समयमा माटो कटिङ सम्वन्धी कुनै नापजाँच गरिएको थिएन। सो आयोजना अन्तर्गत महादेव खिम्ति निर्माण सेवाले सम्पन्न गरको कामको सम्वन्धमा Defect liability Period भित्र Defect दखिएको काममा मर्मत सुधार गर्न योजना कार्यालयबाट पत्राचार भएको र तहाँ सेवाबाट मर्मत कार्य गराएको जानकारी योजना कार्यालयलाई गराएको थियो" भन्ने उल्लेख भएको देखिन्छ।<br>**च.** त्यसैगरी विशेष अदालत ऐन, २०५९ को दफा ७(क) बमोजिम बुझिएका साक्षी नारायण पौडयाल, प्रेम कुमार गुरुङ र शर्मिला देसारले समेत "बर्षादको समयमा सडक सतहमा पर्ने पानी र सडक छेउको जमिनको सतही पानी व्यवस्थापनको लागि Drain को आवश्यकता पर्दछ। पानीको उचित व्यवस्थापन नभएको खण्डमा सडक सतह तथा सडक छेउ बर्षादको समयमा विग्रिन जाने हुँदा नियमित यातायात संचालनको लागि नेपालको केशमा Drain को आवश्यकता पर्दछ" भन्ने उल्लेख भएको देखिदा प्रतिवादीहरुले एकआपसमा मिलेमतो गरी ठेक्का बमोजिम समय अवधि भित्र कार्य सम्पन्न गर्नु पर्नेमा नगरेको र निर्माण व्यवसायीलाई कारवाहीको लागि प्रक्रिया अगाडी बढाउनु पर्नेमा सो समेत नगरेको, Estimate विपरित विना कुनै निर्णय फिल्डमा काम गरी/गराई फिल्डमा भएको परिमाणभन्दा बढी कामको नापी किताब तयार पारी एउटै प्रकृतिको काम Overlap गरी विल तयार गरी भुक्तानी लिने/दिने कार्य गरी नेपाल सरकारको रकम हिनामिना तथा हानी नोक्सानी गरी भ्रष्टाचार गरेको पुष्टि भएको हुँदा प्रतिवादीहरुलाई सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटीपूर्ण भएकोले बदर गरी अरोपदावी बमोजिम सजाय गरी पाँउ।<br>अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुलाइ हेर्दा, प्रतिवादीहरु रवि सिंह, दिपक कुमार खड्का, विजय चापागाई, दुर्णप्रदास फुयाल र गजेन्द्रप्रसाद राउतले आरोपदावी बमोजिमको कसूरवाट सफाई पाउने ठहर भई बिशेष अदालतबाट फैसला त्रुटिपुर्ण देखिएकोले उक्त फैसला बदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ |